# मुसिकोट राजपत्र

## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ८) मुसिकोट,गुल्मी, असार २० गते,२०८१ साल (संख्याः४

# भाग-१

## मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकाको विनियोजन ऐन,२०८१

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिकाको नगरसभाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०८१

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानिय संञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१

## प्रस्तावनाः

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि संञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ।

१ .संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१।०४।०१ देखि लागु हुनेछ।

२ .आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८१।०८२ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित

मुसिकोट राजपत्र

चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७१,६७,८९,१२५।० (अक्षेरुपी रु. एकहत्तर करोड सत्सट्ठी लाख उनानब्बे हजार एक सय पच्चीस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन : (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त मुसिकोट नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालय, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्य कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षक बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अनतर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकामा आर्थिक बर्ष २०८१/०८२ मा अन्य व्यक्ति, संघसंस्था वा नतोकिएको क्षेत्रमा प्राप्त हुन आएको रकम र नगरपालिकाबाट गरिने सम्पूर्ण आर्थिक कारोबारको अधिकार प्रचलित कानुन र यसै ऐन बमोजिम खर्च गर्ने अख्तियारी हुनेछ।

४. कार्यविधी बनाउन सक्ने : (१) यस ऐनको अनुसूचीमा रहेका कार्यक्रमहरुको कार्यान्वयनको लागि नगरकार्यपालिकाले आवश्यकता अनुसारका कार्यविधी बनाउन सक्नेछ।

मुसिकोट राजपत्र

# अनुसूची १
# आय तथा व्ययको प्रक्षेपण
## आ व २०८१।०८२

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| शीर्षक | रकम | शीर्षक | रकम |
| राजस्व | १७,०६,०३,६२५ | चालु खर्च तर्फ | ४७,९८,१०,३२० |
| आन्तरिक श्रोत | ४,०६,४८,६२५ | आन्तरिक तर्फ | १३,२८,१८,१२५ |
| एकीकृत सम्पती कर | २६,००,००० | नेपाल सरकार तर्फ | ३४,३०,९२,१९५ |
| भुमिकरमालपोत/ | ३०,००,००० | प्रदेश सरकार तर्फ | ३९,००,००० |
| घरवहाल कर | ८,००,००० | पूँजिगत खर्च तर्फ | २३,६९,७८,८०५ |
| अन्य कर | १०,००,००० | आन्तरिक तर्फ | ३,७७,८५,५०० |
| अन्य प्रशासनिक सेवा शुल्क | १०,००,००० | | |
| नक्सापास दस्तुर | ७,००,००० | नेपाल सरकार तर्फ | १७,२१,२१,३०५ |
| सिफारिश दस्तुर | २०,००,००० | प्रदेश सरकार तर्फ | २,७०,७२,००० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ८,००,००० | | |
| बैंक मौज्दात | २,७३,४८,६२५ | | |
| व्यवसाय कर | ८,००,००० | | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १२,९९,५५,००० | | |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,९९,५८,११३ | | |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २,९०,४१,८८७ | | |

| | | | |
|---|---|---|---|
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८९,५५,००० | | |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तर को बिक्रीबाट प्राप्त हुने आय | १,२०,००,००० | | |
| अन्य आय | ६,००,००० | | |
| अन्य राजश्व | ६,००,००० | | |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ५४,६१,८५,५०० | | |
| संघीय सरकार | ५१,५२,१३,५०० | | |
| समानिकरण अनुदान | ११,०३,००,००० | | |
| शसर्त अनुदान चालु | ३२,४९,१३,५०० | | |
| शसर्त अनुदान पुंजीगत | ३,७५,००,००० | | |
| विषेश अनुदान पुंजीगत | १,२५,००,००० | | |
| समपुरक अनुदान पुँजीगत | ३,००,००,००० | | |
| प्रदेश सरकार | ३०९७२,००० | | |
| समानिकरण अनुदान | ७४,७२,००० | | |
| शसर्त अनुदान चालु | १०,००,००० | | |
| शसर्त अनुदान पुँजीगत | १,०५,००,००० | | |
| विषेश अनुदान चालु | १५,००,००० | | |
| समपुरक अनुदान पूँजीगत | १,०५,००,००० | | |
| **आय** | **७१,६७,८९,१२५** | **व्यय** | **७१,६७,८९,१२५** |

प्रमाणिकरण मिति

२०८१।०३/१८

आज्ञाले,

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत

मूल्यरू १०

मुसिकोट राजपत्र